जनकपुरधाम उप-महानगरपालिका

जनकपुरधाम उप-महानगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## जनकपुरधाम, धनुषा, मधेश प्रदेश, नेपाल

(शिक्षा तथा खेलकुद विकास शाखा)

पत्र संख्या :- २०८१/८२

चलानी नं. :- ५४९६

मितिः- २०८२/०१/२१

विषयः- शैक्षिक सत्र र विद्यार्थी भर्ना अभियान सम्बन्धमा ।

श्री सामुदायिक तथा संस्थागत विद्यालयहरु सबै

जनकपुरधाम उप.महा.न.पा.

प्रस्तुत विषयमा शैक्षिक सत्र २०८२ मा विद्यालय शिक्षा क्षेत्रमा हुने क्रियाकलापलाई थप व्यवस्थित, पारदर्शी, उपलब्धीमूलक, विश्वसनीय र सेवाग्राहीमैत्री बनाउँदै लैजान आवश्यक देखिएको हुँदा देहाय बमोजिम गर्नु गराउन हुन शिक्षा तथा मानव स्रोत विकास केन्द्रको च.नं. १५७ मिति २०८२/०१/०२ को पत्रबाट लेखि आएकोले सोही अनुसार गर्न गराउन हुन अनुरोध छ ।

तपसिलः

क. शिक्षा नियमावली, २०५९ (संशोधन सहित) को नियम ८४ को उपनियम (४) मा रहेको "कसैले पनि शैक्षिक सत्र शुरु नभई विद्यार्थी भर्ना गर्न गराउन हुँदैन" भन्ने व्यवस्थालाई सम्पूर्ण विद्यालयहरुमा कडाइका साथ कार्यान्वयन गर्नु गराउनु हुन ।

ख. सोही नियमको उपनियम (५) मा रहेको विद्यालयको "एक शैक्षिक सत्रमा काम गर्ने दिन कम्तीमा दुई सय बीस दिन हुनेछ" भन्ने प्रावधान कार्यान्वयनको सुनिश्चित हुन ।

ग. सम्बन्धित विद्यालयको सेवा क्षेत्रभित्र बसोवास गर्ने विद्यालय उमेर समूहका कुनै पनि बालबालिका विद्यालय बाहिर नरहेको सुनिश्चित हुने गरी "सबै बालबालिकाको विद्यालयमा सहभागिता, गुणस्तरीय शिक्षा प्राप्तीको सुनिश्चिता भन्ने" आदर्श वाक्यसहित अभिभावकसमेतको सहभागिता शैक्षिक सत्र २०८२ को भर्ना अभियान संचालन गर्न गराउनु हुन ।

बोधार्थः

श्री शिक्षा तथा मानव स्रोत विकास केन्द्र

सानोठिमी, भक्तपुर।

(धीरेन्द्र लाल कर्ण)

शाखा प्रमुख

शिक्षा तथा खेलकुद विकास शाखा

अधिकृत आठौं तह